# स्थानीय राजपत्र

**छत्रकोट गाउँपालिका, गुल्मीद्वारा प्रकाशित**

**खण्डः ३) छत्रकोट गाउँपालिका, मितिः २०७६/०१/१६ (संख्याः १**

**भाग–१**

**छत्रकोट गाउँपालिका, गुल्मी**

**संवत् २०७६ सालको ऐन नं. १**

**ऐनको नाम : छत्रकोट गाउँपालिकाको स्थानीय सेवा ऐन, २०७६**

**गाउँ सभाबाट स्वीकृत मितिः २०७६/०१/१३**

**प्रस्तावनाः**

स्थानीय तहको सेवा गठन, परिचालन, व्यवस्थापन, नियमन गर्न बाञ्छनीय भएकोले नेपालको संविधानको धारा २२६ एवं अनुसूची ८ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा २ को खण्ड (ङ) को अधिनमा रही यस छत्रकोट गाउँपालिकाको गाउँ सभाले यो छत्रकोट गाउँपालिकाको स्थानीय सेवा ऐन, २०७५ जारी गरेको छ ।

## परिच्छेद-१

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(१) यस ऐनको नाम छत्रकोट गाउँपालिकाको स्थानीय सेवा ऐन, २०७५ रहेको छ ।

(२) यो ऐन गाउँ सभाले पारित गरी स्थानीय राजपत्रमा प्रकाशन भए पछि लागू हुनेछ ।

**२. परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा :

(क) "स्थानीय सेवा" भन्नाले गाउँपालिकाको कार्यकारिणी अधिकार कार्यान्यन गर्ने व्यवस्थापकीय र न्यायिक सम्बन्धी कार्य सम्पादन गर्न आवश्यक जनशक्तिको सेवामा सञ्चालन सम्बन्धी कार्य सम्पादन गर्ने आवश्यक सम्पुर्ण कार्यलाई विधी सम्भनु पर्दछ ।

(ख) "जनशक्ति" भन्नाले नेपालको संविधानको धारा ३०२ को उपधारा (२) बमोजिम समायोजन हुन आउने र गाउँपालिकाले नियुक्त गर्ने कर्मचारीहरुलाई सम्भनु पर्दछ ।

(ग) "जनशक्तिको व्यवस्थापन" भन्नाले गाउँपालिका अन्तरगत रहेर काम गर्ने कर्मचारीहरुको प्रशासन, व्यवस्थापन र नियमनको लीगि गरिने सम्पूर्ण कार्यलाई सम्भनु पर्दछ ।

(घ) "सेवा शर्त" भन्नाले गाउँसभा द्धारा निर्धारण गरिएको कार्यविधी अनुसार भएको सेवा शर्तलाई सम्भनु पर्दछ ।

(ङ) "नियमन"भन्नाले गाउँपालिकाले गर्ने नियमित निरिक्षण, अनुगमन र प्रशासनिक नियन्त्रण समेत सम्भनु पर्दछ ।

(च) "विशेषज्ञ पद" भन्नाले विशेष प्रकृतिको काम कर्तव्य र उत्तर दायित्व भएको र विशेष योग्यता भएको र विशेष योग्यता चाहिने पद सम्भनु पर्दछ ।

(छ) "तोकिएको वा तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तरगत बनेका नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्दछ ।

## परिच्छेद-२
## अधिकार र कर्तव्य

३. **गाउँपालिकाको अधिकारः** गाउँपालिकामा स्थानीय सेवा सञ्चालन गर्नको लागि स्थानीय सेवाका विभिन्न पदहरु, विभिन्न तहका पद अन्तरगत रहने स्थानीय तथा समायोजन हुन आउने संघीय कर्मचारीहरुको दरवन्दी संख्या निर्धारण र सो निर्धारित दरबन्दीका कर्मचारीहरुको नियुक्ती गाउँ कार्यपालिकाले तोकिए बमोजिम गर्ने छ ।

४. **स्थानीय सेवामा काम गर्ने कर्मचारीहरुको काम कर्तव्य र अधिकार :** स्थानीय स्तरमा गाउँपालिकामा हुने सबै खालका काम गर्नको लागि खटिने कर्मचारीको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुने छ ।

५. **नियुक्तीको प्रमाण पत्र :** गाउँपालिकाको स्थानीय सेवाका कर्मचारीले नियुक्त हुँदा गाउँपालिकाले तोकिए बमोजिमको प्रमाण पत्र पाउनेछ ।

६. **नियुक्ती, बढुवा, बर्खासी र अन्य विभागिय सजाय :** स्थानीय सेवाको कर्मचारीहरुको नियुक्ती, बढुवा बर्खासी तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद-३
## संगठन विकास, जनशक्ति व्यवस्थापन र वृत्ति विकास

७. **संगठन विकास, जनशत्ति व्यवस्थापन र वृत्ति विकासः** स्थानीय सेवाका कर्मचारीहरुको वृक्ति विकासको लागि प्रचलित नेपाल सरकारको कानूनको अधिनमा रही गाउँपलिकाले निर्देश गरेको कार्यविधी अनुसार हुनेछ ।

८. **अपराध र सजाय :** कुनै कर्मचारीले प्रचलित कानून विपरित कसूर गरेमा गाउँपालिकाले बनाएको कार्यविधी बमोजिम सजाय हुने छ । साथै विभागीय कार्वाही र सजाय गाउँपालकिाले तोकिए बमोजिम गर्ने छ ।

९. **कर्तव्य पालना गर्दा असल नियतले काम गरेमा स्थानीय सेवाका कर्मचारी दोषी नहुने :** गाउँपालिकाको आवश्यक काम गर्दा, असल नियतले गरेको काममा दोषी करार गरिने छैन ।

१०. **विदा सम्बन्धी व्यवस्था :** स्थानीय सेवाका कर्मचारीहरुको विदा सम्बन्धी व्यवस्था गाउँ सभाले तोकिए बमोजिम हुनेछ ।

११. **अवकाश :** स्थानीय सेवाका कर्मचारीहरुको अवकाश तोकिए बमोजिम हुनेछ ।

१२. **नियम बनाउने अधिकार :** यस ऐनको उद्देश्य प्राप्तीको लागि गाउँ कार्यपालिकाले आवश्यक नियमावली, कार्यविधी र निर्देशिका बनाउन सक्ने छ ।

प्रमाणिकरण मितिः २०७६/०१/१६

आज्ञाले
प्रमुख प्रशासकीय अधिकृत